**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६४/८/७ गते शुक्रवार देखि २०६४/८/१३ गते विहीवार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ५५ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार २३९२ कारोवारबाट ७४ करोड २७ लाख ८५ हजार रुपैयाँ बराबरका ८ लाख ९९ हजार ९ सय ३८ कित्ता शेयरहरु खरिदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ४०.५५ प्रतिशतले वृद्धि आएको हो । गत साता २३३५ शेयर कारोवारबाट ५२ करोड ८४ लाख रुपैयाँ बराबरको ७  लाख ७५ हजार ५ सय ७६ कित्ता खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र ४९ करोड २९ लाख रुपैयाँ बराबरको कारोवार भएको छ। यो कुल कारोबारको ६६.३६ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ३६.०० अंकले वृद्धि भई अन्तिम दिन ८९७.२९ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ८९६.७६ | ३५०.१९ | २७७.६७ | ८१८.१२ | १४१६.३४ | १६२.३२ | ७७२.२८ | ७८७.१० | १२३८.४८ | ८६१.२९ | २२६.५४ |
| दोस्रो | ९०७.९७ | ३५०.१९ | २७६.९० | ८१८.१२ | १३९३.७८ | १६२.३२ | ७७६.७१ | ७८६.९६ | १२४१.८३ | ८६७.२९ | २२७.८० |
| तेस्रो | ९१३.०५ | ३५०.१९ | २७६.९० | ८१८.१२ | १३६०.०४ | १६२.३२ | ७८३.४६ | ७८७.०७ | १२४६.८१ | ८६९.३८ | २२८.८७ |
| चौथो | ९२५.७७ | ३५०.१९ | २७८.०६ | ८१८.१२ | १३५९.६३ | १६२.३२ | ८०४.१७ | ७९०.७८ | १२६०.९९ | ८७९.५८ | २३१.७८ |
| पचौं | ९५२.२३ | ३५०.१९ | २७९.६० | ८१८.१२ | १३२४१.९४ | १६२.३२ | ८१३.८५ | ७९१.४४ | १२७८.६३ | ८९७.२९ | २३७.४९ |
| परिवर्तन (अंकमा) | ५५.४७ | ०.०० | १.९३ | ०.०० | -७४.४० | ०.०० | ४१.५७ | ४.३४ | ४०.१२ | ३६.०० | १०.९५ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स १०.९५ अंकले वृद्धि भई २३७.४९ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१० करोड १ लाख ५८ हजार रुपैयाँ) मा डेभलपमेन्ट क्रेडिट वैंक लि. तथा शेयर संख्या (३ लाख ६३ हजार एक यस २० कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी अग्रस्थानमा रहेको छ। कारोवार संख्या (२३१) को आधारमा गोर्खा विकास विकास बैंक (नेपल) लि. अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | डेभलपमेण्ट क्रेडिट वैंक | १००.१३ |
| २ | एन.आई.सी. वैंक | ९१.०९ |
| ३ | नेशनल हाइड्रो पावर कम्पनी | ९०.३८ |
| ४ | कुमारी वैंक | ६३.५५ |
| ५ | नेपाल एसविआई वैंक | ५३.६९ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता संस्थागत ऋणपत्र तर्फ रु. ५ लाख वरावरको ५०० यूनिट कारोवार भयो ।

**सूचिकरण**

यस साता सूचिकरण तर्फ पश्चिमाञ्चल फाइनान्स कम्पनी लि. को ५०,६०० कित्ता वोनस शेयर तथा यती फाइनान्स लि. को ६२५०० कित्ता हकप्रद शेयर सूचिकृत भएको छ ।